नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पर्यटन विभाग
काठमाडौं

**<u>सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धमा पर्यटन विभागबाट क्यासिनो व्यवसायी (सूचक संस्था) लाई जारी गरेको निर्देशन, २०८२ लाई संशोधन गर्ने (दोस्रो संशोधन) निर्देशन,२०८२</u>**

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धमा पर्यटन विभागबाट क्यासिनो व्यवसायी (सूचक संस्था) लाई जारी गरेको निर्देशन, २०८२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७प. को उपदफा (२) र पर्यटन ऐन, २०३५ (संशोधन सहित) को दफा ४५ड. ले दिएको अधिकार प्रयोग गरी विभागले यो निर्देशन बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस निर्देशनको नाम "सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धमा क्यासिनो व्यवसायी (सूचक संस्था) लाई जारी गरेको (दोस्रो संशोधन) निर्देशन, २०८२" रहेको छ।

(२) यो निर्देशन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धमा क्यासिनो व्यवसायी (सूचक संस्था) लाई जारी गरेको निर्देशन, २०८२ को बुँदा १० मा संशोधनः</u> सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धमा क्यासिनो व्यवसायी (सूचक संस्था) लाई जारी गरेको निर्देशन, २०८२ को बुँदा १० को उपबुँदा (१) को खण्ड (क) पछि देहायको खण्ड (क१) थप गरिएको छ।

"(क१) ग्राहकले एक दिनमा दुईलाख रुपैयाँ भन्दा बढी नगद रकमको कारोबार गर्दा,"

महानिर्देशक